annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १३३, पृष्ठ १० | काठमाडौं, बिहीबार २५ भदौ २०८३ | भाद्र कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४६ | THURSDAY, SEPTEMBER 10, 2026 | मूल्य : रु. १०

उपत्यकामा ग्यासको 'हाहाकार'

आपूर्ति तथ्यांकमै सीमित, रित्तै सिलिन्डर !

काठमाडौं उपत्यकामा ग्यासको चरम हाहाकार मच्चिइरहँदा निगमको कागजमा ८७ हजारभन्दा बढी सिलिन्डर भित्रिएको तथ्यांक त देखिन्छ, तर सर्वसाधारण भने रित्तो सिलिन्डर बोकेर दिनभर डिपो धाउन बाध्य छन्। यही बेला कालोबजारी खुलेआम छ।

भवनाथ प्याकुरेल | *काठमाडौं*

समाचार पृष्ठ २

राष्ट्रियसभाले विधेयक रोकेको छ ?

सुरेन्द्र काफ्ले | *काठमाडौं*

जेन-जी दिवसको अवसरमा काठमाडौंमा आयोजित समारोहमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रियसभाले असहयोग गरेर कानुन निर्माणमा अवरोध भइरहेको बताइन्। के राष्ट्रियसभाले अवरोध गरेर कुनै कानुन निर्माण रोकिएका छन् त ? के कानुनमन्त्रीले भनेजस्तै कुन-कुन कानुन बन्ने कार्यमा राष्ट्रियसभाले अवरोध गऱ्यो ? राष्ट्रियसभामा पुगेर कुन-कुन कानुन रोकिएर फिर्ता आए ? कानुन निर्माण गर्न नसकेपछि दोष अरूलाई लगाउन खोजिएको त होइन ? २०८२ फागुन २१ को निर्वाचनबाट बनेको प्रतिनिधिसभामा १० वटा विधेयक प्रमाणीकरण भएका छन्, जसमा राष्ट्रियसभाबाट कुनै अवरोध गर्ने काम भएको छैन।

तर, कानुनमन्त्री गौतमले सरकारमा रहेको यो अवधि सोचेजस्तो सहज नभएको बताएकी छन्। 'यो साढे ४-५ महिनाको अन्तराल सरकारमा रहँदा त्यति सहज पनि भइरहेको छैन। प्रतिनिधिसभामा सिंगे नम्बर छ त तपाईंहरूसँग भनेर भनिरहनुभएको छ,' उनले भनेकी छन्, 'किनभने सरकार चलाउँदै गर्दा, संरचना चल्दै गर्दा आफ्नै नियम-परिधिहरू हुन्छन्। यहाँहरूलाई थाहा छ, हाम्रो देशमा दुईवटा सभा छन्। कानुन बन्नका लागि दुवै सभाबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्रै कानुन बन्छ।' उनले प्रतिनिधिसभाबाट विधेयक पारित गर्न सके पनि राष्ट्रियसभामा अवरोध भइरहेको संकेत गरेकी छन्। उनले भनेकी छन्, 'मैले यहाँहरूलाई हामीसँग के छ, के छैन भन्दिनँ। प्रतिनिधिसभामा निर्वाचनबाट निर्वाचित तपाईंहरूले छानेका मानिसहरू हुनुहुन्छ। अब अरू ठाउँमा को हुनुहुन्छ ? कसले सहयोग गर्नुभएको छ ? कसले सहयोग गर्नुभएको छैन ? यो तपाईंहरूले मूल्यांकन गरिरहनुभएको होला।'

राष्ट्रियसभालगायत सबैमा आफ्नो प्रभुत्व भएमा मात्रै भनेअनुसारका कानुन बन्न सक्ने उनको भनाइ छ। उनले भनेकी छन्, 'सरकारका अप्ठ्याराहरू पनि तपाईंहरूले हेरिरहनुभएको होला। एक दिन पक्कै आउँछ जहाँ तपाईंहरूले छान्नुभएका नेताहरू ती सबै ठाउँहरूमा हुनुहुनेछ र तपाईंहरूले चाहेको जस्तै कानुन निर्माणको यात्रा सजिलो हुनेछ।'

कानुनमन्त्री गौतमबाट राष्ट्रियसभाको मानमर्दन भएको भन्दै प्रश्न उठेको छ। राष्ट्रियसभा सांसद रेणु चन्दले असहयोग गरेको देखाउन चुनौती दिएकी छन्। उनले कानुन मन्त्रीलाई प्रश्न गर्दै भनिन्, 'कानुनमन्त्रीले झुट बोल्नुभएको छ। सी इज अ लायर। राष्ट्रियसभाले कुन विधेयक रोक्यो ? कहाँनेर असहयोग गऱ्यो ? जानकारी दिनुपऱ्यो।'

नेपाली कम्युनिस्ट पार्टीकी सांसद चन्दले कानुनमन्त्री गौतमसँग कतिवटा विधेयक रोकियो भन्ने जानकारी माग गरेकी छन्। उनले भनिन्, 'कतिवटा विधेयक सरकारले पेस गऱ्यो ? हामीले कति रोक्यौं ? कति फिर्ता गऱ्यौं ? सबैको जानकारी दिनुपऱ्यो। मन्त्री स्वयंले जनतालाई मिथ्या सूचना दिने कुरा खतरनाक छ।' सांसद चन्दले राष्ट्रियसभालाई मानमर्दन गर्न खोजिएको भन्दै आक्रोश पोखेकी छन्। 'राष्ट्रियसभालाई डिफेम गर्न खोज्नुभयो। यो सत्य छैन। जवाफ चाहियो, कानुन मन्त्रीलाई रुलिङ गर्न म सभाध्यक्षज्यूलाई आग्रह गर्दछु,' उनले भनेकी छन्।

संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरीले अहिलेको कार्यकालमा वैकल्पिक वित्तसँग सम्बन्धित एउटा विधेयकबाहेक अरू त समयमै प्राप्त भएकोबताए। उनका अनुसार अर्थ विधेयक १५ दिनभित्र नआएमा र अन्य विधेयक दुई महिनाभित्र फिर्ता नभएमा प्रतिनिधिसभाले सोझै प्रस्ताव अगाडि बढाएर राष्ट्रपतिबाट प्रमाणीकरणका लागि पठाउन सक्ने संवैधानिक व्यवस्था छ। यो प्रतिनिधिसभाको कार्यकालमा अहिलेसम्म १० वटा विधेयक प्रमाणीकरण भइसकेका छन्।

उनका अनुसार प्रतिनिधिसभामा उत्पत्ति भएका विधेयकहरूको सन्दर्भमा प्रतिनिधिसभाले आफ्नो प्रक्रिया पूरा गरिसकेपछि राष्ट्रियसभामा पठाउने व्यवस्था छ। अर्थ विधेयकको सन्दर्भमा राष्ट्रियसभाले १५ दिनभित्र प्रतिनिधिसभामा सुझावसहित फिर्ता पठाउन सक्छ भने अन्य विधेयकको हकमा दुई महिनाभित्र फिर्ता पठाइसक्नुपर्ने संवैधानिक व्यवस्था छ।

'कानुनमन्त्रीले झुट बोल्नुभएको छ। राष्ट्रियसभाले कुन विधेयक रोक्यो ? कहाँनेर असहयोग गऱ्यो ? त्यसको स्पष्ट जानकारी दिनुपर्छ। मन्त्री स्वयंले जनतालाई मिथ्या सूचना दिने कुरा अत्यन्तै खतरनाक छ। राष्ट्रियसभालाई डिफेम गर्न खोजिएको छ, जुन सत्य छैन।'

रेणु चन्द, नेकपा सांसद

पूर्वप्रधानन्यायाधीश जबराविरुद्धको रिट खारेज

दिनेश गौतम | *काठमाडौं*

सर्वोच्च अदालतले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको रिट निवेदन खारेज गर्दै पेन्सनपट्टालगायतका सेवा सुविधाहरू पाउने बाटो खोलिदिएको छ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, विनोद शर्मा र सारंगा सुवेदीसहितको संवैधानिक इजलासले जबराविरुद्धको रिट निवेदन खारेज गर्ने फैसला गरेको हो। जबराविरुद्धको रिट निवेदन खारेज गरेसँगै उनले सेवा सुविधा पाउने बाटो खुलेको हो। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले पूर्वप्रधानन्यायाधीश जबराको रोकिएको पेन्सनपट्टासहितको सेवा सुविधा प्राप्त गर्न बाटो खुलेको बताए। उनले भने, 'रिट खारेजको फैसला भएको छ। फैसलाको पूर्णपाठ आउन केही समय लाग्ने भएको छ।'

» बाँकी पृष्ठ ६

१३४ विकासोन्मुख देश नेपालको न्यायको पक्षमा

हानि-नोक्सानी कोषबाट राहत दिलाउन दबाब

सागर घले | *काठमाडौं*

भोटेकोशी बाढीबाट प्रभावित नेपालका लागि जलवायु वित्त सहयोग जुटाउने प्रयासले अन्तर्राष्ट्रिय तहमा चासो बढेको छ। हानि-नोक्सानी प्रतिकार्य कोषमा रहेका साना टापु विकासशील राष्ट्रहरू र ल्याटिन अमेरिका-क्यारिबियन समूहले नेपाललाई तत्काल सहयोग गर्न प्रतिबद्धता जनाएका छन्।

साना टापु राष्ट्र समूहका बोर्ड सदस्यद्वय पिटर जर्ज अब्राहम जुनियर (एन्टिगुवा एन्ड बार्बुडा) र आइज्याक ग्लासी राएन (कुक टापु) तथा वैकल्पिक सदस्यद्वय लौरा एलिजाबेथ अगाथिन (सेशेल्स) र अहमद वाहिद (माल्दिभ्स) ले ८ सेप्टेम्बरमा पत्र पठाएका हुन्। उनीहरूले अल्पविकसित मुलुक समूहका अध्यक्ष एम्बासेडर आदाओ सोरेस बार्बोसा र नेपालका बोर्ड सदस्य डा. महेश्वर ढकाललाई पत्र लेख्दै दरिलो समर्थन जनाएका छन्।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता महेश्वर ढकालले दुई समूहको समर्थनलाई सकारात्मक रूपमा लिएका छन्। 'विश्वका १ सय ३४ राष्ट्र, सम्पूर्ण विकासोन्मुख देशले एक मतमा नेपाललाई सहयोग गर्न आह्वान गर्नुभएको छ। त्यसैगरी विकसित देशहरूसँग पनि हामी संवादमा नै छौं,' उनले भने, 'नेपालले कुनै अंकमा रकम दाबी गरेको छैन, अहिले हामी जलवायु जोखिममा परेका छौं, जति सक्नुहुन्छ त्यति सहयोग गरौं भनेको मात्र हो।'

आफैं जलवायु जोखिममा रहेका साना टापु राष्ट्रहरूले द्रुत प्रतिकार्यको महत्त्व बुझेको पत्रमा उल्लेख छ। संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रमको 'लिमिटिङ ओभरसुट' प्रतिवेदनले विश्वको तापक्रम १.८ डिग्री सेल्सियससम्म पुग्दा साना र अल्पविकसित देशमा गम्भीर असर पर्ने चेतावनी दिएको छ। कोषको ५० प्रतिशत बजेट जोखिमयुक्त देशका लागि तोकिएकाले नेपाल यसको हकदार रहेको उनीहरूको भनाइ छ।

यसैगरी कोस्टारिका र इक्वेडोरसहित ल्याटिन अमेरिका-क्यारिबियन समूहका प्रतिनिधिहरूले ७ सेप्टेम्बरमा पत्र लेख्दै २६ अगस्टको विपद्प्रति ऐक्यबद्धता जनाएका छन्। नेपालका अर्थमन्त्री र कृषि, वन तथा पर्यावरण मन्त्रीले ३१ अगस्टमा कोषको परिषद्लाई पठाएको औपचारिक अनुरोधलाई यो समूहले पूर्ण समर्थन गरेको छ।

» बाँकी पृष्ठ ६

मागेजति बजेट कहिल्यै पाउँदैन नेपाल

नितु घले | *काठमाडौं*

नेपालले अपनत्व लिएको जलवायु नीति कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय कोषबाट प्रतिबद्धता भएको रकम आवश्यकताको तुलनामा १ प्रतिशतभन्दा कम छ। नेपाले आफ्ना लक्ष्यहरू पूरा गर्न कम्तीमा १२१.१४ बिलियन अमेरिकी डलर आवश्यक पर्छ। यसमध्ये १२.३२ बिलियन डलर आन्तरिक स्रोतबाट र बाँकी १०८.८३ बिलियन डलर बाह्य स्रोतबाट जुटाउनुपर्नेछ। तर, मन्त्रालयको तथ्यांकले आवश्यकता र अन्तर्राष्ट्रिय जलवायु वित्तबीच ठूलो खाडल देखाउँछ।

जलवायुवित्त विज्ञ तथा प्रकृति रिसोर्स सेन्टरका कार्यकारी निर्देशक राजु पण्डित क्षेत्रीका अनुसार नेपालले मागेजति रकम अन्तर्राष्ट्रिय निकायबाट कहिल्यै पाउँदैन। उनी भन्छन्, 'हामीले आफ्नै स्रोतसाधनबाट के गर्न सकिन्छ भन्ने मनन गर्नुपर्छ। उत्सर्जनकर्ता देशहरू उत्तरदायी भएर जलवायु वित्त प्रवाह गर्नुपर्छ, तर उनीहरूकै मात्र मुख ताकेर पुग्दैन।' वार्षिक ५ बिलियन डलरका दरले रकम आए पनि नेपालको खर्च गर्ने क्षमता बढाउनुपर्ने र बजेट व्यवस्थापनमा आन्तरिक कसरत चाहिने उनको भनाइ छ। गैरसरकारी संस्था र बैंकहरूमार्फत आउने बजेट फरक-फरक निकायमा दर्ता हुने भएकाले अर्थ मन्त्रालय र ओईसीडीको तथ्यांकमा भिन्नता आउने उनी बताउँछन्।

मन्त्रालय स्रोतका अनुसार नेपाल समानका अन्य मुलुकको तुलनामा नेपालको जलवायु वित्तमा पहुँच कमजोर भने छैन। अल्पविकसित देशहरूमा आएको सहयोग, निजी संस्था तथा बैंकहरूले प्राप्त गरेको 'ग्रीन बण्ड' समेत हिसाब गर्दा रकम धेरै देखिन्छ। विकसित देशहरूको तथ्यांक हेर्दा सहयोग बढी देखिए पनि वास्तवमा वास्तविक सहयोग भने थोरै छ।

मन्त्रालयको तथ्यांकअनुसार नेपालले निर्धारण गरेको राष्ट्रिय अनुकूलन योजना (न्याप) पूरा गर्न सन् २०५० सम्म ४७.४ बिलियन अमेरिकी डलर आवश्यक पर्छ। यसमा १.५ बिलियन डलर आन्तरिक र ४५.९ बिलियन डलर बाह्य स्रोतबाट प्राप्त गर्नुपर्ने हुन्छ। त्यसैगरी, नेपालको राष्ट्रिय निर्धारित लक्ष्य (एनडीसी) सन् २०२५ देखि २०३५ सम्म पूरा गर्न ७३.७४ बिलियन डलर आवश्यक पर्छ।

» बाँकी पृष्ठ ६